# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौका अध्यागमन अधिकृत रमाकान्त अर्यालले गैरकानूनी सम्पत्ति आर्जन गरी उच्च जीवन यापन गरेको भन्ने आयोगमा दर्ता हुन आएको उजुरी उपरको अनुसन्धानमा निजको सार्वजनिक सेवामा प्रवेश मिति २०५९।५।२३ देखि मिति २०७५ मंसिर मसान्तसम्मको जाँचअवधिको आयव्यय तथा सिर्जित सम्पत्तिहरु उपर बिश्लेषण गरी हेर्दा निजले तलव, भत्ता, कर्जा, कृषि आय, स्त्रिधन, अंश नगद र जग्गा विक्री लगायतबाट जम्मा रु.२,४९,९२,७३०।- (दुई करोड उनान्चास लाख बयानव्बे हजार सात सय तीस) आय आर्जन गरेको देखिन्छ । सोही अवधिमा निजले आफू र श्रीमती सरिता नेपाल समेतका नाममा खरिद गरी राखेका एवं लगानी गरेको चल अचल सम्पत्तिहरु जग्गा खरिद, घर निर्माण, सवारी साधन खरिद, लगानी तथा खर्च एवं विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मौज्दात लगायतमा रु.४,५६,८१,८४१।-(चार करोड छपन्न लाख एकासी हजार आठ सय एकचालीस) खर्च तथा लगानी गरेको देखिँदा निजको वैध आय रु.२,४९,९२,७३०।- को तुलनामा रु. २,०६,८९,१११।-(दुई करोड छ लाख उनानव्बे हजार एक सय एघार रुपैया) बराबरको भागको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएकोले वैध आयको तुलनामा स्रोत खुल्न नसकेको रु.२,०६,८९,१११।-(दुई करोड छ लाख उनानव्बे हजार एक सय एघार रुपैयाँ) निजले राष्ट्रसेवक भएपश्चात के कस्तो श्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टि गर्न नसकेबाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज रमाकान्त अर्याल उपर विगो रु.२,०६,८९,१११।-(दुई करोड छ लाख उनानव्बे हजार एक सय एघार रुपैयाँ) कायम गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले श्रोत पुष्टि गर्न नसकेको एवं गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको विगो रु.२,०६,८९,१११।- (दुई करोड छ लाख उनानव्बे हजार एक सय एघार रुपैया) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन निज रमाकान्त अर्याल र निजकी श्रीमती सरिता नेपाल समेतलाई प्रतिवादी कायम गरी मिति २०७६।०२।१६ गते विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता